# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्कोट, गुल्मी

प.सं.: २०८१/०८२
च.न.: —

लुम्बिनी प्रदेश, नेपाल

मितिः२०८१।०४।२९

**मृगौंला प्रत्यारोपण गरेका,डाइलाइसिस गराइरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षघात भई औषधी उपचार बापत खर्च पाइरहेका विरामीहरुले लाभग्राहि सूचिमा आफ्नो विवरण नविकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

मृगौंला प्रत्यारोपण गरेका, डाइलाइसिस गराइरहेका, क्यान्सर रोग भएका र मेरुदण्ड पक्षघात भएका बिरामीलाई **औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, ,** २०७८ अनुसार मासिक पाँच हजार रुपैया औषधी उपचार खर्च प्राप्त गरिरहेका लाभग्राहिहरुले प्रत्येक आर्थिक वर्षमा मासिक पाँच हजार रुपैया औषधी उपचार खर्च प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई नविकरण गराउनुपर्ने व्यवस्था अनुसार धुर्कोट गाउँपालिका भित्र मासिक पाँच हजार रुपैया औषधी उपचार खर्च प्राप्त गरिरहेका लाभग्राहिहरुले २०८१ भाद्र १५ गतेसम्म अनिवार्य रुपमा वडा कार्यालयमा स्वयम उपस्थित भई नविकरण गर्नुहुन सूचित गरिन्छ । बालबालिका वा स्वय उपस्थित हुन नसक्ने विरामीहरुको हकमा निजको आमा, बाबु वा स्याहार गर्ने व्यक्तिले निवेदन दिन सक्नुहुनेछ ।

**नविकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरुः**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि (बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ).
- पासपोर्ट साइजको दुई प्रति फोटो ।
- अनुसूचि १ बमोजिमको चिकित्सकको सिफारिस ।
- मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि र क्यान्सर रोगको हकमा क्यान्सर निदान भई चिकित्सले हरेक ३ महिना भित्र निरन्तर जाँच गरेको कागजात ।
- अनुसूची २ बमोजिमको निबेदन ।
- सम्बन्धित बैङ्कबाट जारी भएको नाम थर र खाता नम्बर बुझिने चेकको प्रतिलिपि ।
- विपन्न नागरिक प्रमाणित वडाको सिफारिस (वडा अध्यक्ष र वडा सचिवको संयुक्त दस्तखत भएको सिफारिस )

पुनश्चः तोकिएको समयमा नविकरणका लागि निवेदन पेश नभएमा लाभग्राहिको सूचीबाट लगत कट्टा गरिनेछ।

थप जानकारीका लागिः धुर्कोट गाउँपालिका स्वास्थ्य शाखा प्रमुख प्रेमलाल खनाल (९८५७०६४७७१) वा सम्बन्धित वडाका वडा सचिवलाई सम्पर्कका लागि अनुरोध छ ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकिय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत